# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०६९/०७०
(२०६९ साल श्रावणदेखि २०७० असार मसान्तसम्म)



**जिल्ला विकास समिति महासंघ नेपाल**
**सानेपा, ललितपुर**

श्रावण, २०७०

# विषयसूचि


दुईशब्द iii

१. पृष्ठभुमी १

२. केन्द्रियस्तरमा राष्टि्रय तथा अन्तर्राष्टि्रयस्तरमा वकालती तथा पक्षपोषणकार्यक्रमहरु १

२.१ अन्तर्राष्टि्रयस्तर १

२.२ राष्टि्रयस्तर २

३. नियमित कार्यक्रमहरु २

३.१ मासिक ई बूलेटिन २

३.२ स्थानीय प्रजातन्त्र २

३.३ जिविस महासंघ डायरी प्रकाशन २

४. सञ्चार माध्यमको परिचालन (Media Mobilization) २

४.१ जिविस महासंघ नेपालको वेबसाइड अद्यावधिक गर्ने २

४.२ टेलिभिजन कार्यक्रम □स्थानीय सरोकार□ २

५. अन्य निकायहरुसंगको सहकार्यमा सम्पन्न कार्यक्रमहरु ७

५.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंगको सहकार्य ७

५.२ उर्जा तथा वातावरणसम्बन्धी कार्यक्रमहरु १०

६. दातृ निकायहरुसंगको सहकार्य ११

६.१ स्थानीय निकायहरुले लक्षित समूहको विकासका लागि गरेको बजेट विनियोजन र खर्चको अवस्था सम्वन्धी अध्ययन (Assessment on the Use of District/Village Development Funds (Including Block Grants) for Children, Women and Disadvantaged Groups in DACAW and Non-DACAW Districts of Nepal) ११

६.३ स्थानीय तहको प्रभावकारी सेवा प्रवाहको उत्तरदायी संयन्त्र सम्वन्धी अध्ययन (Review of Accountability Mechanisms for Enhanced Service Delivery in Nepal (Education, Health, Safety net and Water Supply) ११

६.५ रुपान्तरणिय पद्धतिमा सामाजिक परिचालन सम्वन्धी प्रशिक्षक प्रशिक्षण (ToT Training to Reginal Trainers on REFLECT, Local Level Planning and Civic Oversight १२

६.६ स्थानीय शासन तथा उत्तरदायित्व संयन्त्र (Local Governacne and accountability Facility) १२

७. कार्यसम्पादन समितिको बैठकहरु १३

८. कर्मचारी सम्बन्धी व्यवस्था १४

९. प्रस्तावना लेखन सम्बन्धी प्रयासहरु १५

१०. Quality Assurance Mechanish (QuAM) बाट भौतिक सहयोग प्राप्त १५

११. सदस्यता शूल्क असूलीको अवस्था १५

१२. आ.ब. २०७०□०७१ को पारित कार्यक्रम तथा बजेट १६

# दुईशब्द

संविधानसभा मार्फत मुलुकले संविधान प्राप्त गर्न नसकेको र गैरराजनीतिक व्यक्तिहरु मार्फत राज्य व्यवस्था सञ्चालन भैरहेको बर्तमान अवस्थामा पुनः दोश्रोपटक आगामी २०७० साल मंसिर ४ गतेका लागि संविधानसभाको निर्वाचनको तिथि तोकिएको छ । करिब ११ वर्ष देखिनै स्थानीय निकायहरु पनि कर्मचारीतन्त्रबाट सञ्चालन भैरहेको र केन्द्रदेखि स्थानीय तहसम्म अनिर्वाचित सत्ता रहेको अवस्था छ । विगत १५ वर्षदेखि स्थानीय निकायहरुमा निर्वाचन हुन नसकेको हुँदा नेपाली जनताले लोकतान्त्रिक मूल्यमान्यताको व्यवहारिक अभ्यास गर्न नपाएको कुरा हामी सबैका सामुन्ने छर्लङ्ग छ ।

जिविस महासंघ नेपालको अन्तरराष्ट्रिय सम्बन्धमा विस्तार र प्रभावी हुँदै गइरहेको सन्दर्भमा स्थानीय निकायमा भने अनिर्वाचित सत्ताको हालिमुहाली रहेको एवं संविधानको धारा १३९ (१) र (२) को खुला उल्लंघन भएको तथ्य सर्वविदितै छ । यस्तो अलोकतान्त्रिक स्थितिलाई वैधानिकरुपमा समाधान गर्ने प्रयासस्वरुप विगतमा पटक पटक थूला दलका शीर्ष नेताहरुसँग भेटघाट गर्ने, केन्द्रमा नागरिक समाजसँग अन्तरक्रिया गर्ने, जिल्लातहमा अन्तरक्रिया गर्ने जस्ता कार्यक्रमहरु निरन्तर गर्दै आएका छौं । यसका अतिरिक्त अविलम्ब स्थानीय निकायको निर्वाच्नको लागि सम्मानित सर्वोच्च अदालतले समेत आदेश दिईसकेको तर कार्यान्वयन नभएको अवस्था सरोकारवाला सबैका लागि मननीय छ । यस सन्दर्भमा सर्वोच्चको पूर्व आदेशको स्मरण गराउँदै वर्तमान प्रधानमन्त्रीलाई र संघीय मामिला तथा स्थानीय विकास मन्त्रीलाई स्थानीय निकायका संघ महासंघहरुको संयुक्त प्रतिनिधि मण्डलले गत वैशाख महिनामा भेटी स्मरण गराएको र नेपाल सरकार सकारात्मक रहेको भन्ने आवश्वासन प्राप्त भएको जानकारी गराउनु चाहन्छु । यी प्रयासहरुकै निरन्तरता स्वरुप आज दिनको ३ बजे देखि संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री विद्याधर मल्लिकज्यूको प्रमुख आतिथ्यतामा स्थानीय सरकार, सेवा प्रवाह, विषयगत निक्षेपण लगायतका विषयमा एक राष्ट्रिय अन्तरक्रिया कार्यक्रमको आयोजना समेत गरिएको छ ।

चालु आर्थिक वर्षमा तीनवटै संघ तथा महासंघहरुको तर्फबाट जिविस महासंघ नेपालको नेतृत्वमा स्थानीय शासन तथा उत्तरदायीत्व संयन्त्र कार्यक्रम सञ्चालन गर्दै आइएको छ । सो कार्यक्रम ७५ वटै जिल्लाका ६६५ वटा गाविसमा १३३ वटा गैर सरकारी संघ संस्थाहरु मार्फत सञ्चालन गरिएको छ । यो कार्यक्रमको माध्यमबाट जिविस महासंघ नेपालले गैर सरकारी संस्थामार्फत स्थानीय सेवा प्रवाहलाई बढी पारदर्शी र जवाफदेही बनाउने क्षेत्रमा सहयोग गर्ने अवसर प्राप्त गरेको छ ।

जिविस महासंघ नेपालको आन्तरिक क्षमता विकास र राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा गरिने पैरवी र पक्षपोषणका लागि आर्थिक वर्ष २०६९/७० मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, यूनिसेफ नेपाल, वैकल्पिक उर्जा प्रवर्धन केन्द्र लगायतका संस्थाहरुबाट प्राप्त भएको आर्थिक सहयोगहरु र अनुदान रकम निकै नै उपयोगी भएको छ । उक्त रकमबाट यस आर्थिक बर्षमा क्षमता विकास र पैरवीको क्षेत्रमा महासंघको भूमिका निर्वाह गर्न सहयोग पुगेको छ । जिविस महासंघ नेपालका तर्फबाट सबै सहयोगी निकायहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौ । आगामी दिनहरुमा समेत सबै सहयोगी संघ संस्थाहरुबाट जिविस महासंघ नेपाललाई निरन्तर सहयोग प्राप्त हुने कुरामा पूर्ण विश्वास प्रकट गर्न चाहन्छौं ।

जिविस महासंघ नेपालको प्रयासका बावजुद ११ वर्षसम्मको अनिर्वाचित सत्ता र विकेन्द्रीकरण र स्थानीय स्वायत्तता माथि कुठाराघात गरिरहेको कालो अवधिलाई चिर्दै निर्वाचित स्थानीय सरकारको उज्यालो तर्फ अघि बढ्न यस कार्यसमितिको वैठकले दिशाबोध गराउनुका साथै भावी कार्ययोजना निर्माण गर्नेछ भन्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस आर्थिका वर्षमा सञ्चालन गरिएका कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सहयोग गर्नु हुने जिविस महासंघ नेपालका कार्यसमितिका पदाधिकारीहरु लगायत सचिवालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिंदै भविष्यमा समेत यस किसिमको सहयोग सबै पक्षबाट प्राप्त हुने पूर्ण विश्वास व्यक्त गर्दछु ।

ऋषिराज लुम्साली
अध्यक्ष
जिविस महासंघ नेपाल

## १. पृष्ठभूमी

जिल्ला विकास समिति महासंघ नेपालले स्थापनाकालदेखिनै स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरणका पक्षमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा वकालती तथा पक्षपोषण गर्दै आएको छ । त्यसैगरी सदस्य जिविसहरुको क्षमता विकासको क्षेत्रमा अभिमुखीकरण, तालिम, योजना तर्जुमामा सहजीकरण, स्थानीय निकायको क्षमता विकासका लागि निर्देशिका कार्यविधि तयारी लगायतका कार्यहरु गर्दै आएकोछ । खासगरी जिविस महासंघ नेपालले देहायबमोजिमका क्षेत्रहरुमा नेपाल सरकार, दातृनिकायहरु लगायत विभिन्न गैरसरकारी तथा नीजि क्षेत्रका संघ संस्थाहरुसँग सहकार्य गर्दै आएको छ ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा वकालती तथा पक्षपोषण,
(ख) जिविस महासंघ नेपालको संस्थागत विकास र क्षमता अभिबृद्धि,
(ग) सदस्य जिविसहरुको क्षमता अभिवृद्धि कार्यक्रम ।

जिविस महासंघ नेपालले आर्थिक वर्ष २०६९/७० मा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सहभागिता जनाई राष्ट्रिय नीतिमा वकालति तथा पक्षपोषण गर्ने कार्य गरेको छ । यसैगरी स्थानीय विकास मन्त्रालय लगायत विभिन्न दातृ निकायहरु र आफ्नै आन्तरिक श्रोतबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ ।

## २. केन्द्रियस्तरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा वकालती तथा पक्षपोषणकार्यक्रमहरु

### २.१ अन्तर्राष्ट्रियस्तर

यूनाईटेड सिटीज एड्स लोकल गभर्नेन्सको दक्षिण एशिया प्रशान्त क्षेत्रको उपाध्यक्षको हैसियतले जिविस महासघ नेपालले विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रहरुमा सहभागिता जनाउदै आएको छ । जसअनुसार

१. UCLG ASPAC को चौथो सम्मेलन यस वर्ष इन्डोनेशियाको जाकार्तामा आयोजना भएकोमा हवाई टिकट व्यहोर्ने साझेदार संस्था नहुँदा सह-अध्यक्षको हैसियत प्राप्त र पुनः सह-अध्यक्षमा उम्मेदवारी दिइएकोमा पनि उपस्थित हुन सकिएन । तर अध्यक्षमा भारत र पाकिस्तान बीचको दाबीले १/१ वर्ष अध्यक्ष आलोपालो गर्ने सहमति भएको छ भने जिविस महासंघ नेपालको तर्फबाट प्रवक्ता श्री कृष्णप्रसाद जैसी सह-अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको छ । त्यसैगरी बङ्गलादेशमा बङ्गलादेश नगरपालिका संघले आयोजना गरेको अन्तरराष्ट्रिय सम्मेलनमा जिविस महासंघ नेपालको तर्फबाट प्रवक्ता तथा UCLG ASPAC को तर्फबाट कार्यपत्र प्रस्तुति तथा शुभकामना दिने र प्रधानमन्त्री तथा विपक्षी दलका नेतृहरुलाई भेट्ने अवसर प्राप्त भएको थियो । त्यसैगरी अघिल्लो गत वैशाख महिनाको अन्तिम हप्ता कोरियाको ग्वांग्जामा भएको UCLG ASPAC को कार्यसमितिको वैठकमा भाग लिने र एशिया प्रशान्तका स्थानीय सरकारका प्रतिनिधिहरुसँग भाईचारा सम्बन्ध विस्तारका साथै UCLG World को आगामी अक्टोबरमा हुने सम्मेलनमा कार्यसमिति सदस्यका लागि उम्मेदवार प्रस्तावित गर्ने काम भएको छ ।
२. २०७० बैशाख ३ गते यूसिएलजीले भारतको गुजरात (अहमदावाद) मा आयोजना गरेको UCLG Global Reprot on Decentralization-GOLD III प्रतिवेदन माथिको छलफल कार्यक्रममा श्री हेमराज लामिछाने, कार्यकारी महासचिव सहभागी हुनु भएको थियो ।
३. २०७० साल असार १७ गते देखि २१ गते सम्म जिविस महासंघ नेपालका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले Face to face event to lauch the second phase of SDC supported

Local Governance Initiatives & Network (LoGIN) – a cross country learning initiative on Decentralization and Local Governance in Asia भाग लिनु भयो ।

### २.२ राष्ट्रियस्तर

नेपालको अन्तरीम संविधान, २०६३ को स्थानीय निकायको निर्वाचन सम्वन्धी प्रावधानको कार्यान्वयनका लागि सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर गर्ने काम स्थानीय निकायका संघ तथा महासंघहरुले संयुक्त रुपमा गरेका छन् । त्यसमा जिविस महासंघ नेपालले सक्रियरुपमा उपस्थिति देखाउदै आएको छ । सम्मानित सर्वोच्च अदालतले स्थानीय निकायको निर्वाचनको पक्षमा निर्णय गरेको छ । यस विषयमा विभिन्न अन्तरक्रिया कार्यक्रमहरुको समेत आयोजना गरिदै आईएको छ ।

## ३. नियमित कार्यक्रमहरु

### ३.१ मासिक ई–बुलेटिन

जिल्ला विकास समिति महासंघ नेपालले नियमित रुपमा इ बुलेटिन प्रकाशन गरी विवरण गर्दै आएको छ ।

### ३.२ स्थानीय प्रजातन्त्र

जिल्ला विकास समिति महासंघ नेपालले नियमित प्रकाशन तथा वितरण गर्दै आएको स्थानीय प्रजातन्त्र बर्ष १० अकं १ छपाई गरी सवै सरोकारवालाहरुमा वितरण गरिएको छ ।

### ३.३ जिविस महासंघ डायरी प्रकाशन

जिल्ला विकास समिति महासंघ नेपालले बार्षिक रुपमा प्रकाशन गर्दै आएको जिविस महासंघ नेपालको डायरी २०७० प्रकाशन गरी सबै सरोकारवाला निकायहरुमा वितरण कार्य सम्पन्न गरिएको छ ।

## ४. सञ्चार माध्यमको परिचालन (Media Mobilization)

### ४.१ जिविस महासंघ नेपालको वेबसाइड अद्यावधिक गर्ने

जिविस महासंघ नेपालको वेबसाइड (www.addcn.org.np) समयानुकुल अद्यावधिक गरिदै आएको छ । यस आर्थिक वर्षमा पनि जिविस महासंघ नेपालको वेवसाईट अद्यावधिक गरिएको छ ।

### ४.२ टेलिभिजन कार्यक्रम "स्थानीय सरोकार"

नेपालमा विकास पत्रकारिता र स्थानीय विकासका मुद्दाहरु ओझेलमा परिरहेका बेला स्थानीय निकायका संघ/महासंघ र केहि स्थानीय निकायको पहलमा नेपालले विकास पत्रकारिता र स्थानीय विकासका मुद्दाहरुलाई प्राथमिकता दिएर टेलिभिजन कार्यक्रम **"स्थानीय सरोकार"** हाल नेपाल टेलिभिजनमा संचालन गरिरहेको छ । समावेशी र समानुपातिक स्थानीय सरकार, जिल्ला गाउँ र नगर स्थानीय सुशासनको मूल आधार भन्ने उद्देश्यका साथ सञ्चालन गरिएको कार्यक्रम विहिवार दिनको ५.०५ बजेदेखि ५.३० बजेसम्म र शुक्रबार विहान १०.०० देखि १०.२५ वजेसम्म **"स्थानीय सरोकार"** प्रसारण हुँदै आएको छ ।

टेलिभिजन कार्यक्रम **"स्थानीय सरोकार" मा** स्थानीय सरकार, सुशासन, बिकास निर्माण र वातावरण सम्बन्धी गतिबिधिहरुका साथै यस क्षेत्रसंग सम्बन्धित विज्ञहरुसंग कुराकानी पनि गर्ने गरिन्छ ।

त्यसैगरी राज्यको पुनर्संरचनाका सन्दर्भमा स्थानीय सरकारको स्वरुप, तह, अधिकार तथा जिम्मेवारी लगायत स्थानीय विकासका क्षेत्रमा भएका विभिन्न गतिबिधिहरु समेत यस कार्यक्रम मार्फत प्रसारण गर्ने गरिन्छ । सो कार्यका लागि विभिन्न क्षेत्रका विषय विज्ञ लगायत अनुभवी व्यक्तिहरुको अन्तरवार्ता समेत प्रसारण गरिदै आएको छ । यसका साथै जिविसहरु, गाविसहरु र नगरपालिकाहरुले सञ्चालन गरेका विशेष कार्यक्रमहरु जस्तै परिषद् सार्वजनिक सुनुवाई कार्यक्रमहरु समेत प्रसारण गरिदै आईएको छ । यसको विस्तृत विवरण निम्नानुसार छ ।

| क्र.स. | प्रसारण मिति | बिषयबस्तु | कुराकानी गरिएका पदाधिकारीहरु |
|---|---|---|---|
| १. | २०६९/४/४ | स्थानीय शासन तथा उत्तरदायी संयन्त्र एल.जी.ए.एफ.का सम्बन्धमा | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव बोधराज निरौला, एल.जी.ए.एफ.का निमित्त पूर्व अध्यक्ष हेमराज लामिछाने, वर्तमान निमित्त अध्यक्ष परशुराम उपाध्याय, कार्यकारी निर्देशक मनोज भट्टराई .. |
| २. | २०६९/४/११ | MCPM, राज्य पुर्नसंरचना र संघियता सम्बन्धी रिपोर्ट | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव शिवबहादुर रायमाँझी, उपसचिव यमनाथ शर्मा, स्थानीय निकायमा कार्यरत कर्मचारीहरु र विज्ञहरु डा. केबी रोकाया................ |
| ३. | २०६९/४/१८ | जिविस काठमाडौंको इलाका स्तरिय गोष्ठीका सम्बन्धमा | जिविस काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, प्रवक्ता प्रविण प्याकुरेल र काठमाडौं जिल्लाका गाविस सचिवहरु............ |
| ४. | २०६९/४/२५ | जिविस काठमाडौंको बार्षिक समीक्षा र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले गरेका कामहरुका सम्बन्धमा | जिविस काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, डोलीडारका महानिर्देशक भूपेन्द्रबहादुर बस्नेत....... |
| ५. | २०६९/४/३२ | जि.वि.स.भक्तपुरको सेवा प्रवाहको अवस्था र स्थानीय निकाय सम्बन्धी रिर्पोट | जि.वि.स.भक्तपुरका स्थानीय विकास अधिकारी राजेन्द्रकुमार केसी, लेखा अधिकृत काशिराम भट्टराई, सूचना अधिकृत जौवन कोजु......... |
| ६. | २०६९/५/७ | जिविस महासंघ नेपाल, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, र युवा स्वरोजगार कोषका सम्बन्धमा | महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने, मन्त्रालयका प्रवक्ता दिनेशकुमार थपलिया, कोषका उपाध्यक्ष प्रा.डा. पुण्यप्रसाद रेग्मी.................. |
| ७. | २०६९/५/१४ | नेपाल नगरपालिका संघ, जि.वि.स.काठमाडौं र कामपा १० वडामा निर्माण भएको सामूदायिक भवनका सम्बन्धमा | नेपाल नगरपाकिला संघका अध्यक्ष डोरमणी पौडेल, उपाध्यक्ष अशोक व्याञ्जु, संघका महासचिव बिदुर मैनाली, कार्यकारी सचिव कलानिधि देवकोटा, वनेपा नगरपालिकाका कार्यकारी अधिकृत सुरथ पोखरेल............. |
| ८. | २०६८/५/२१ | संघिय मामिला तथा स्थानीयविकास मन्त्रालयले गरेकोवार्षिकप्रगति समीक्षा गोष्ठीका सम्बन्धमा | उपप्रधान तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्री नारायणकाजी श्रेष्ठ, मुख्य सचिव लिलामणी पौडेल योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री, सचिव शितलबाबु रेग्मी, सहसचिव दिनेशकुमार थपलिया, विभिन्न जिल्लाका स्थानीय विकास अधिकारीहरु र कार्यकारी अधिकृतहरु |

| क.स. | प्रसारण मिति | बिषयबस्तु | कुराकानी गरिएका पदाधिकारीहरु |
|---|---|---|---|
| ९. | २०६९/५/२८ | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय र जिविस महासंघका सम्बन्धमा | उपप्रधान तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्री नारायणकाजी श्रेष्ठ, सचिव शितलबाबु रेग्मी, सहसचिव दिनेशकुमार थपलिया, सहकारी तथा गरिवी निवारण मन्त्री एकनाथ ढकाल, महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने............... |
| १०. | २०६९/६/४ | भक्तपुर र नेपाल नगरपालिका संघ | जि.वि.स.भक्तपुरका स्थानीय विकास अधिकारी राजेन्द्रकुमार केसी, सूचना अधिकृत जीवन कोजु, नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणी पौडेल............ |
| ११. | २०६९/६/११ | जि.वि.स.काठमाडौं, युवा स्वरोजगार कोष र गा.वि.स.राष्ट्रिय महासंघ | जि.वि.स.काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, कोषका उपाध्यक्ष प्रा.डा.पुण्यप्रसाद रेग्मी, महासंघका कार्यकारी निर्देशक परशुराम उपाध्याय........... |
| १२. | २०६९/६/१८ | जि.वि.स.काठमाडौं र जि.वि.स.भक्तपुर | जि.वि.स.काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव शंकर नेपाल, जि.वि.स.भक्तपुरका स्थानीय विकास अधिकारी राजेन्द्रकुमार केसी, गा.वि.स.राष्ट्रिय महासंघ भक्तपुरका अध्यक्ष नवराज गेलाल |
| १३. | २०६९/६/२५ | गा.वि.स.राष्ट्रिय महासंघ, जि.वि.स.ललितपुर र बागमति नदि सरसफाई सम्बन्धी रिर्पोट | गा.वि.स.राष्ट्रिय महासंघका अध्यक्ष महिन लिम्बु, महासचिव भीमप्रसाल ढुंगाना, कार्यकारी निर्देशक परशुराम उपाध्याय, जि.वि.स.ललितपुरका स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ, सूचना अधिकृत अनिरुद्ध महर्जन, डा. किशोरराज भण्डारी............ |
| १४. | २०६९/७/२ | जि.वि.स.महासंघ नेपाल, जि.वि.स.काठमाडौं र युवा स्वरोजगारकोष | जि.वि.स.काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, कोषका उपाध्यक्ष प्रा.डा.पुण्यप्रसाद रेग्मी.......... |
| १५. | २०६९/७/९ | स्थानीय निकाय सम्बन्धी रिर्पोर्ट | नेपाल नगरपालिका संघका संस्थापक अध्यक्ष बेखारत्न शाक्य, डा.राजेन्द्र केसी, प्रा.डा.लक्ष्मीप्रसाद राई, शिवजी भट्टराई......... |
| १६. | २०६९/७/१६ | स्थानीयसरकार, संघियता, राजयपुर्नसंरचनालगायत स्थानीय सरकारको समग्र अवस्था र जि. वि. स. काठमाडौंका सम्बन्धमा | स्थानीय विकास मन्त्रालयका सचिव शितलबाबु रेग्मी, सहसचिव दिनेशकुमार थपलिया, जिविस काठमाडौंका योजना अधिकृत भिष्मकुमार मल्ल, सामाजिक विकास अधिकृत दिपककुमार केसी, प्रवक्ता प्रविण प्याकुरेल................ |
| १७. | २०६९/७/२३ | स्यूचाटार गाविसमा भएको एककार्यक्रम र सामूदायिक वन सम्बन्धी रिर्पोर्ट | नेपाली कांग्रेसका नेता नविन्द्रराज जोशी, स्थानीय बासिन्दाहरु शिवजी भट्टराई, साधुराम भट्टराईलगायत स्थानीय बासिन्दाहरु |
| १८. | २०६९/७/३० | जिविस भक्तपुर र नेपाल नगरपालिका संघका गतिविधिका सम्बन्धमा | जिविस भक्तपुरका स्थानीय विकास अधिकारी राजेन्द्र कुमार केसी, योजना अधिकृत लक्ष्मी होमागाई र जौवन कोजु तथा नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटा |
| १९. | २०६९/८/७ | जिविस ललितपुरका गतिविधिका सम्बन्धमा | जिविस ललितपुरका स्थानीय विकास अधिकारी राज कुमार श्रेष्ठ............ |
| २०. | २०६९/८/१४ | जिविस महासंघ नेपाल, युवा स्वरोजगार कोष र जिविस काठमाडौंका गतिविधिका सम्बन्धमा | जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैशी, युवा स्वरोजगार कोषका उपाध्यक्ष प्रा.डा.पुण्यप्रसाद रेग्मी, जिविस काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी......... |
| २१. | २०६९/८/२१ | स्थानीय निकायको सम्बन्धी रिर्पोट र जिविस काठमाडौं, ललितपुर र भक्तपुरका गतिविधिका सम्बन्धमा | निर्वाचन आयोगका आयुक्त डा.अयोधिप्रसाद यादव, जिविस काठमाडौं, ललितपुर र भक्तपुरका पदाधिकारीहरु.......... |

| क.स. | प्रसारण मिति | बिषयबस्तु | कुराकानी गरिएका पदाधिकारीहरु |
|---|---|---|---|
| २२. | २०६९/८/२८ | स्थानीय निकाय सम्बन्धी रिर्पोट ललितपुर जिविसका गतिविधिका सम्बन्धमा | पूर्व परराष्ट्र मन्त्री रमेशनाथ पाण्डे, ललितपुर जिविसका स्थानीय विकास अधिकारी राज कुमार श्रेष्ठ...... |
| २३. | २०६९/९/५ | स्थानीय निकाय र मानव अधिकार सम्बन्धी रिर्पोट | एमाले वरिष्ठ नेता माधवकुमार नेपाल, नेपाली कांग्रेसका नेता डा.रामशरण महत........... |
| २४. | २०६९/९/१२ | स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी | राष्टिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर केसी र जिविस महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने |
| २५. | २०६९/९/१९ | स्थानीय निकायको समग्र अवस्थाका बारेमा विभिन्न दलका पदाधिकारी र स्थानीय निकायका पदाधिकारीहरुको धारणा | राप्रपा नेपालका सहमहामन्त्री राजाराम श्रेष्ठ, सदभावनाका महामन्त्री मनिषकुमार सुमन, LDO समाजका महासचिव प्रेमराज जोशी र गाविस महासंघका कार्यकारी निर्देशक परशुराम उपाध्याय |
| २६. | २०६९/९/२६ | स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी र जि.वि.स. काठमाडौका गतिविधिका सम्बन्धमा | नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे, जि. वि.स.काठमाडौका सामाजिक विकास अधिकृत दिपककुमार केसी र काठमाडौंको महांकाल गाविसका सचिव रामप्रसाद रिजाल.......... |
| २७. | २०६९/१०/४ | स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी र काठमाडौं जिल्लाका विभिन्न गाविसका गाउँ परिषद सम्बन्धी गतिविधिका | एकीकृत नेकपा माओवादीका नेता अमिक शेरचन, जि.वि.स.काठमाडौंका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, गाावि‍स सचिव र स्थानीय बासिन्दाहरु............ |
| २८. | २०६९/१०/११ | स्थानीय निकायको सेवा प्रवाह, निर्वाचन लगायत स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी | स्थानीय विकास मन्त्रालयका पूर्व सचिव गंगादत्त अवस्थि र नेपाल नगरपालिका संघका कार्यकारी कलानिधि देवकोटा |
| २९. | २०६९/१०/१८ | दोलखा जिल्लाको एक रिर्पोट, स्थानीय निकाय सम्बन्धी रिर्पोट | दोलखा जिविसका स्थानीय विकास अधिकारी टुवराज पोखरेल, डा. राजेन्द्र केसीलगायत स्थानीय बासिन्दाहरु |
| ३०. | २०६९/१०/२५ | जिविस ललितपुर र भक्तपुरका गतिविधिका सम्बन्धमा CFLI को सहयोगमा पोखराको घाचोकमा भएको कार्यक्रमका सम्बन्धमा | भक्तपुरका स्थानीय विकास अधिकारी राजेन्द्र कुमार केसी, जिविस ललितपुरका सूचना अधिकृत अनिरुद्ध महर्जन, CFLI का संयोजक नविना श्रेष्ठ.............. |
| ३१. | २०६९/११/३ | स्थानीय निकायको पारदर्शिता र जवाफदेहिता सम्बन्धी रिर्पोट र जि.वि.स. काठमाडौका गतिविधिका सम्बन्धमा | CFLI का संयोजक नविना श्रेष्ठ, काहुराष्टका अध्यक्ष विष्णुपुकार श्रेष्ठ, डा.ललन चौधरी, जि.वि.स. काठमाडौका सामाजिक विकास अधिकृत दिपककुमार केसी, काठमाडौं जिल्लाको महांकाल गाविसका सचिव रामप्रसाद आचार्य.... |
| ३२. | २०६९/११/१० | CFLI को सहयोगमा उदयपुरमा भैरहेको विद्यालयको भवन निर्माण सम्बन्धी रिर्पोट | CFLI का संयोजक नविना श्रेष्ठ, मूलधार महिला सेवा केन्द्रका कार्यक्रम संयोजक मामित्रा आलेमगरलगायत स्थानीय बासिन्दाहरु |
| ३३. | २०६९/११/१७ | CFLI को सहयोगमा दोलखाको जिरीमा भएको खानेपानी योजना र स्थानीय निकाय सम्बन्धी सम्बन्धी रिर्पोट | CFLI का आर्थिक तथा राजनीतिक सल्लाहकार जोहना फरेष्ट, संयोजक नविना श्रेष्ठ, दोलखाका स्थानीय विकास अधिकारी टुवराज पोखरेल,जिरेल सेवा समाजका अध्यक्ष नविन जिरेल, उपराष्ट्रपति परमानन्द झा, अख्तियारका सचिव डा.गणेशराज जोशी................. |
| ३४. | २०६९/११/२४ | ललितपुर र भक्तपुर जिल्लाको जिल्ला परिषद र स्थानीय सेवा प्रवाहमा मिडियाको भूमिका सम्बन्धी रिर्पोट | उप तथा स्थानीय विकास मन्त्री नारायण काजी श्रेष्ठ, अर्थमन्त्री बर्षमान पुन, सचिव शान्तबहादुर श्रेष्ठ, सहसचिव दिनेशकुमार थपलिया, ललितपुरका स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ र भक्तपुरका स्थानीय |

| क्र.स. | प्रसारण मिति | बिषयबस्तु | कुराकानी गरिएका पदाधिकारीहरु |
|---|---|---|---|
| | | | विकास अधिकारी राजेन्द्रकुमार केसी, डा. प्रेम शर्मा, जगत नेपाल........ |
| ३५. | २०६९/१२/१ | स्थानीय निकाय सम्बन्धी रिपोर्ट र काठमाडौं जिल्लाको जिल्ला परिषदका सम्बन्धमा | उप तथा स्थानीय विकास मन्त्री नारायण काजी श्रेष्ठ, सचिव शान्तबहादुर श्रेष्ठ, सहसचिव दिनेशकुमार थपलिया, संघ।महासंघका पदाधिकारीहरु र स्थानीय शासन विज्ञहरु.... |
| ३६. | २०६९/१२/८ | स्थानीय निकायको सेवा प्रवाह सम्बन्धी काठमाडौं जिल्लाको बलम्बु गाविसमा भएको सार्वजनिक सुनुवाई कार्यक्रमका सम्बन्धमा | जिविस महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने, बलम्बु गाविसका सचिव रामप्रसाद रिजाल, स्थानीय दलका प्रतिनिधिहरु र गाविसबासीहरु |
| ३७. | २०६९/१२/१५ | LGCDP, LGAF र युवा स्वरोजगार कोषका सम्बन्धमा | LGCDP का राष्टिय कार्यक्रम निर्देशक बोधराज निरौला, LGAF का अध्यक्ष डा. प्रेम शर्मा र युवा स्वरोजगार कोषका उपाध्यक्ष प्रा.डा. पुष्पप्रसाद रेग्मी |
| ३८. | २०६९/१२/२२ | स्थानीय निकायको निर्वाचन, सेवा प्रवाह र जिविस भक्तपुरका सम्बन्धमा | नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटा, जिविस भक्तपुरका लेखा अधिकृतहरु रमेश पौडेल र कृपाराम रिजाल...... |
| ३९. | २०६९/१२/२९ | स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी र महांकाल गाविसलाई खुला दिशामुक्त घोषणाका सम्बन्धमा | संघिय मामिला तथा स्थानीय विकास मन्त्री विद्याधर मल्लिक, सचिव शान्तबहादुर श्रेष्ठ, जि.वि.स. काठमाडौका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, महांकाल गाविसका सचिव रामप्रसाद आचार्यलगायत स्थानीय बासिन्दाहरु |
| ४०. | २०७०/१/५ | स्थानीय निकायको समग्र अवस्थाका सम्बन्धमा कुराकानी र जिविस काठमाडौंले गरेको सार्वजनिक सुनुवाई कार्यक्रमका सम्बन्धमा | जिविस महासंघका केन्द्रीय सदस्य जीवन बहादुर शाही, जि.वि.स. काठमाडौका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, योजना अधिकृत भिष्मकुमार मल्ललगायत स्थानीय बासिन्दाहरु |
| ४१. | २०७०/१/१२ | स्थानीय सरकार र युवा स्वरोजगार कोषका सम्बन्धमा कुराकानी | जिविस महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने र युवा स्वरोजगार कोषका उपाध्यक्ष प्रा.डा. पुष्पप्रसाद रेग्मी |
| ४२. | २०७०/१/१९ | स्थानीय सरकारका सम्बन्धमा कुराकानी, नेपाल नगरपालिका संघले धुलिखेलमा गरेको कार्यक्रम सम्बन्धी रिपोर्ट र जिविस काठमाडौंका सम्बन्धमा | नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणी पौडेल, कार्यकारी सचिव कलानिधि देवकोटा, धुलिखेल नगरपालिकाका कार्यकारी अधिकृत गणेश नेपाली.............. |
| ४३. | २०७०/१/२६ | स्थानीय सरकार सम्बन्धी रिपोर्ट | जिविस महासंघका अध्यक्ष ऋषिराज लुम्साली, कार्यकारी महासचिव हेमराज लामिछाने, नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणी पौडेल लगायत .... |
| ४४. | २०७०/२/२ | स्थानीय विकास मन्त्रालयले गरेको समीक्षा गोष्ठी सम्बन्धी जानकारी र उपत्यकाको प्रदुषण सम्बन्धमा | संघिय मामिला तथा स्थानीय विकास मन्त्री विद्याधर मल्लिक, सचिव शान्तबहादुर श्रेष्ठ, जिविस महासंघका प्रवक्ता कृष्णप्रसाद जैशी, नेपाल नगरपालिका संघका कार्यकारी सचिव कलानिधि देवकोटा, गाविस महासंघका सचिवालय सदस्य नवराज गेलाल........ |
| ४५. | २०७०/२/९ | स्थानीय सरकार र युवा स्वरोजगार कोषका सम्बन्धमा कुराकानी | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव दिनेशकुमार थपलिया, युवा स्वरोजगार कोषका उपाध्यक्ष प्रा.डा. पुष्पप्रसाद रेग्मी............. |
| ४६. | २०७०/२/१६ | खुल्ला दिशामुक्त सम्बधन्धी रिपोर्ट | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव दिनेशकुमार थपलिया, बलम्बुका सचिव रामप्रसाद रिजाल............. |

| क.स. | प्रसारण मिति | बिषयबस्तु | कुराकानी गरिएका पदाधिकारीहरु |
|---|---|---|---|
| ४७. | २०७०/२/२३ | स्थानीय सरकार र योजना निर्माण प्रक्रियाका सम्बन्धमा कुराकानी | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. रविन्द्र शाक्य र जिविस महासंघका कार्यकारी महासचिव हेमराज लामिछाने |
| ४८. | २०७०/२/३० | काठमाडौं जिल्लाका गंगबु र पुरानो नैंकाप तथा ललितपुरको टिकाथली गाविसलाई खुला दिशामुक्त गाविस घोषणाका सम्बन्धमा | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव शान्तबहादुर श्रेष्ठ, सहरी विकास मन्त्रालयका सचिव किशोर थापा, जि.वि.स. काठमाडौका स्थानीय विकास अधिकारी प्रेमराज जोशी, ललितपुर जिविसका स्थानीय विकास अधिकारी पशुपति पोखरेल........... |

## ५. अन्य निकायहरुसँगको सहकार्यमा सम्पन्न कार्यक्रमहरु

### ५.१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंगको सहकार्य

न्यूनतम सर्त तथा कार्यसम्पादन मापन कार्यमा पटक पटक अनुतिर्ण भएका धनुषा जिल्लामा २०७० असार ९ गते र महोत्तरी जिल्लामा २०७० साल असार १० गते अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री रेश्मीराज पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो । स्थानीय निकाय वित्तिय आयोगका विज्ञ श्री खिमलाल देवकोटाबाट न्यूसकासको प्राविधिक पक्षका बारेका कार्यपत्र प्रस्तुत गरिएको थियो । जिविस महासंघ नेपालका तर्फबाट कार्यकारी महासचिव श्री हेमराज लामिछानेले न्यूसकास सम्वन्धमा जिविस महासंघ नेपालको धारणा प्रस्तुत गर्नु भएको थियो । जिविस महासंघ नेपालका केन्द्रिय सदस्य श्री लालकुमार के.सी. सो कार्यक्रममा विशेष अतिथिका रुपमा भाग लिनु भएको थियो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, जिविसका कर्मचारीहरु, केही गाविसका सचिवहरु र सञ्चार समुहका ब्यक्तिहरुको सहभागिता रहेको थियो ।




उक्त अन्तरक्रिया कार्यक्रममा श्री बिष्णु बहादुर थापा र रामप्रसाद थपलिया क्रमसः धनुषा र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, स्थानीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, न्यूनतम सर्तमा उत्कृष्ट नतिजा हासिल गरेका र असफल भएका केही गाविसका सचिवहरु लगायत पत्रकारहरुको उपस्थिति रहेको थियो । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता सम्वन्धित जिविसका स्थानीय विकास अधिकारीहरुले गर्नु भएको थियो । उक्त कार्यक्रममा करिब १५० जना जिम्मेवार पदाधिकारीहरुको उपस्थिति रहेको थियो । छलफल कार्यक्रमबाट केन्द्रीयतह र स्थानीय तहले समान रुपमा जिम्मेवारी वहन गर्न नसके स्थानीय निकायहरुले न्यूसकास मापनमा सफलता हासिल गर्न नसक्ने निष्कर्ष छलफलका क्रममा निकालिएको थियो । जसलाई संक्षिप्त रुपमा देहायबमोजिम उल्लेख गरिएको छ ।

*केन्द्रिय तहबाट गर्नुपर्ने सुधारहरु*

- धनुषा जिल्ला विकास समितिमा गत २०६९ साल भाद्र महिनादेखि जिविसमा कार्यरत कर्मचारीहरु निलम्वनमा परे पछि सो सम्वन्धमा नेपाल सरकारले कुनै विकल्प नदिएर कर्मचारी विहिन बनाएको कारण जिविस र गाविसहरुले न्यूसकासमा सफलता हासिल गर्न नसकेको निष्कर्ष धनुषाका स्थानीय राजनीतिक दलका नेताहरुको निष्कर्ष रहेको छ ।

- आर्थिक बर्षको अन्तिम महिनामा स्थानीय विकास अकिधकारी, कार्यकारी अधिकृत र गाविसका सचिवहरुलाई सरुवा गर्ने परिपाटीले स्थानीय सेवा प्रवाहमा प्रभाव पारेको छ । यसले न्यूसकास मापनमा समेत असर पार्ने गरेकोले यस्तो प्रक्रिया र परम्पराको अन्त्य गरिनु पर्छ ।

- केन्द्रमा बनेका कार्यविधी र निर्देशिकाहरु गाविसमा समयमा उपलव्ध नहुने र सो बारेमा गाविसका सचिव लगायत राजनीतिक दलका प्रतिनिधिहरुलाई अभिमुखीकरण नहुँदा कार्यविधीका प्रावधानहरुको बुझाई र उचित कार्यान्वयनमा समस्या आउने गरेको छ । तसर्थ यस्तो अवस्थाको अन्त्य हुन जरुरी छ ।

- जिल्ला परिषदबाट पारित भएका कार्यक्रमहरुले प्राथमिकता नपाई केन्द्रियतहबाटै कार्यक्रम तोकेर पठाउने परिपाटीले स्थानीय स्वायत्त शासन ऐनको भावना र मर्म विपरित हुने गरेको र यसले स्थानीय राजनीतिक दलका प्रतिनिधिहरुमा सहभागितात्मक योजना तर्जुमा प्रति विश्वास र भरोसानै छैन ।

- एक सचिव एक गाविसको अवधारणालाई कार्यान्वयन गर्न सरकारको प्रतिवद्धता सहित व्यवहारमा आउँनु पर्छ । निजामति कर्मचारीलाई राजनीतिक भारी समेत बोकाउँदा यसले स्थानीय सेवा प्रवाह र समन्वयमा समस्या सिर्जना हुने गरेको छ ।

- लक्षित कार्यक्रमहरुका बारेमा अभिमुखीकरण नहुँदा लक्षित कार्यक्रममा बजेट विनियोजन गर्न र खर्च गर्न कठिनाई हुदै आएको छ र यसबाट विपन्न वर्गमा महिला, बालबालिका र पिछडा वर्ग, आदिवासी जनजाति आदिले प्रत्यक्ष रुपमा फाईदा लिन सकेको अवस्था छैन । तसर्थ लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयका लागि स्थानीय राजनीतिक दल, लक्षित समुहका प्रतिनिधिहरु र स्थानीय निकायका कर्मचारीहरुलाई एकै थलोमा राखेर अभिमुखीकरण गराउनु पर्ने ।

- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नहुँदा धेरै समस्या सिर्जना भएकोले स्थानीय निकायको निर्वाचन गरेर मात्रै न्यूनतम सर्त तथा कार्यसम्पादन मापन विधी कार्यान्व्यन गर्नु पर्छ अन्यथा हरेक वर्ष जिल्लाहरु असफल हुदै जान्छन । केन्द्रले सुनियोजित किसिमले तराई माथि अन्याय गर्दै आएको छ । तसर्थ केन्द्रको सहयोग विनानै हामीले विकास अगाडि बढाउँछौं । किनकी केन्द्रले तराईबासी मधेसीहरुलाई लञ्जित गराउने काम गरेको छ ।

- जिविसबाट गाविसमा पहिलो चौमासिक जेष्ठमा निकासा भए पछि कसरी काम गर्न सकिन्छ तसर्थ गाविसहरु न्यूसकासमा असफल हुन जिविसको भूमिका रहेको छ । गाउँ तहका उपभोक्ता समिति गठन गर्न समेत समस्या हुने भएकोले गाविसका सचिवहरु पूँजीगत रकम निकासा लिन तत्पर भएको देखिदैन ।

*जिल्लातहबाटै गर्नुपर्ने पहलहरु*

- निर्वाचन क्षेत्रगत अनुगमन समिति गठन गरी सो समितिलाई नियमित रुपमा क्रियासिल गराउनु पर्ने ।
- गाविसका सचिवहरुको कार्यसम्पादनमा जिविस र जिल्ला प्रशासन कार्यालयलले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा गाविसका सचिवहरुले सम्वन्धित गाविसमा बसेर सेवा नदिने गरेको अवस्था छ । लाई निगरानी गरी कर्तव्य निष्ठ हुन सहयोग गर्नु पर्ने ।
- गाविसको न्यूनतम सर्त मापन गर्न जिविसले सक्षम विज्ञ टोली चयन गरी पठाउन नसक्दा गाविसहरको राम्रो मूल्याकंन हुन सकेको छैन ।
- गाविसको सचिवको क्षमता विकास गर्नु पर्छ । प्राविधिक सहायक र सहयोगी कर्मचारीलाई पुग्ने गरी चालु बजेट सरकारले उपलव्ध गराउनु पर्छ ।
- न्यूसकासका सूचकहरुको होडिङ्ग बोर्ड बनाएर सम्वन्धित सबै कर्मचारीहरुको कोठामा राख्ने प्रयास गर्नु पर्छ । जसले सूचकहरु पुरा गर्ने तर्फ सम्बन्धित कर्मचारीहरुलाई जिम्मेवारीबोध हुन सक्छ । राम्रो कार्यसम्पादन नगर्ने कर्मचारीहरुलाई डण्डको व्यवस्था ग्यारेण्टी गर्नु पर्ने ।
- गाविसहरुले पेश गरेको परियोजनाहरुको जिल्ला प्राविधिक कार्यालयहरुले समयमा इस्टिमेट नगरेर असहयोग गर्ने गरेका छन् । जसले गर्दा परियोजनाहरु कार्यान्वयन गर्न तथा फरफारक गर्न गाविसहले कठिनाई भोग्दै आउँनु परेको छ । यसको अन्त्य नभएसम्म गाविसहरुले सहजरुपमा परियोजना सञ्चालन गर्न सक्ने अवस्था रहदैन ।



*सूचकमा सुधार गर्नुपर्ने पक्ष*

५० लाख भन्दा बढीका योजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गर्ने सूचक व्यवहारिक हुदैन किनकी जिल्ला परिषद्ले पास नगरेका योजनाहरुको पूर्वसम्भाव्यता अध्ययन गर्ने परिपाटी व्यहारिक देखिदैन ।

यस्ता किसिमका कार्यक्रमहरुले जिल्लास्तरीय राजनीतिक दल, स्थानीय निकायका कर्मचारी, नीजि क्षेत्र र नागरिक समाजका वीचमा सुमधुर सम्वन्ध विस्तार हुने र स्थानीय विकासमा सहकार्य गर्ने बाताबरण तयार गर्न अत्यन्न उपयोगी हुने कुरा सहभागीहरुबाट आएको थियो ।

## ५.२ उर्जा तथा वातावरणसम्बन्धी कार्यक्रमहरु

### (क) जिल्ला उर्जा सञ्जालको पुनर्गठन

वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँगको सहकार्यमा सन् २०१२ को कार्यक्रम अन्तरगत जिल्ला उर्जा सञ्जाल (Distit Energy Network) को पुनर्गठन गरी नया कार्यत्रसमितिको गठन गरिएको छ । यस सञ्जाले ७५ वटै जिविसहरुमा ग्रामिण उर्जा विकासका क्षेत्रमा सहयोग गर्न आवश्यक पहलहरु गर्दै आएको छ । बर्तमान कार्यसमितिमा देहाय बमोजिमको प्रतिनिधित्व रहेको छ ।

१. जिविस दोलखा : अध्यक्ष
२. जिविस संखुवासभा : उपाध्यक्ष
३. जिविस ललितपुर : महासचिव
४. जिविस डोटी : सचिव
५. जिविस दैलेख : कोषाध्यक्ष
६. जिविस डडेलधुरा : सदस्य
७. जिविस रुकुम : सदस्य
८. जिविस बाग्लुङ्ग : सदस्य
९. जिविस पर्सा : सदस्य
१०. जिविस पाँचथर : सदस्य
११. जिविस सिन्धुली : सदस्य

### (ख) उत्कृष्ट जिविसलाई पुरस्कृत गर्ने कार्यक्रम

उर्जा तथा बातावरणका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने निम्न जिल्ला विकास समितिहरुलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आयोजना गरेको बार्षिक समिक्षा कार्यक्रमको अन्तिम दिन २०६९ भाद्र २० गते तत्कालिन उपप्रधान तथा स्थानीय विकास मन्त्री माननीय श्री नारायणकाजी श्रेष्ठज्यूबाट निम्नानुसार नगद पुरस्कार सहित कदर पत्र वितरण गर्ने कार्य सम्पन्न गरियो ।

१. जिल्ला विकास समिति धादिङ्गलाई कदरपत्र सहित रु. ३० हजार नगद पुरस्कार
२. जिल्ला विकास समति संखुवासभालाई कदरपत्र सहित रु. २५ हजार नगर पुरस्कार
३. जिल्ला विकास समिति दोलखालाई कदरपत्र सहित रु. २० हजार नगर पुरस्कार

**(ग)** वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र जिविस महासंघ नेपाल बीचमा २०७० साल जेष्ठ १२ गते निम्न कार्यक्रम सञ्चालन गर्न सम्झौता भए अनुसार निम्नानुसार कार्य सम्पन्न भयो ।

१. दुई वटा जिल्लाहरु (रुपन्देही र लम्जुङ्ग) ग्रामिण उर्जा विकासमा जिविसको भूमिका विषयमा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । २०७० साल असार ७ गते जिविस रुपन्देही र असार ९ गते जिविस लम्जुङ्गमा उक्त कार्यक्रम सम्पन्न गरियो ।
२. ग्रामिण नवीकरणीय उर्जा र वातावरणका क्षेत्रमा जिल्ला तथा गाँउ तहका भएका राम्रा अभ्यासहरुको संकलन गरी प्रकाशन तथा वितरण गरियो ।
३. ग्रामिण नवीकरणीय उर्जा र वातावरणका क्षेत्रमा राम्रो कार्य गर्ने जिविसहरुको मूल्यांकन गरी पुरस्कृत गर्ने उदेश्यले निर्धारित सूचकहरु तयार गरी सूचना संकलन गरी जिविसको कार्यदक्षताको मूल्यांकन गर्ने कार्य सम्पन्न गरियो ।
४. उर्जा तथा बातावरण शाखालाई जिविस अन्तरगत आन्तरीकरण गर्ने विषयमा २०७० असार १७ गते काठमाडौंमा राष्ट्रियस्तरको अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

## ६. दातृ निकायहरुसँगको सहकार्य

चालु आर्थिक वर्षमा निम्न दातृ निकायहरुसँग सहकार्य गरिएको छ ।

**६.१ स्थानीय निकायहरुले लक्षित समुहको विकासका लागि गरेको बजेट विनियोजन र खर्चको अवस्था सम्वन्धी अध्ययन** (Assessment on the Use of District/Village Development Funds (Including Block Grants) for Children, Women and Disadvantaged Groups in DACAW and Non-DACAW Districts of Nepal)

जिविस महासंघ नेपाले यस विषयमा गत आ.ब. २०६८/०६९ मा उक्त अध्ययन प्रतिवेदनको नेपाली तथा अग्रेजी भाषामा तयार गरी प्रकाशन समेत गरिएको छ । ती प्रतिवेदनहरु यूनिसेफ नेपालसँगको सहकार्यमा भविष्यमा सम्वन्धित सरोकारवालाहरुमा वितरण गर्ने योजना रहेको छ । यस अध्ययनका लागि आवश्यक प्रश्नावली तयार गरी काभ्रे जिल्लामा गई काभ्रे जिविस, धुलिखेल नगरपालिका, पाचँखाल र मेथिनकोट गाविसहरुमा गई प्रश्नावलीहरुको जाँच समेत गरि डकाउ लागु भएका १८ वटा, ३ वटा डकाउ ग्रेजुएट र २ वटा डकाउ लागु नभएका गरी जम्मा २३ वटा जिल्लाहरु, ती जिल्लाहरुका एक/एक गाविसहरु, गाविस स्तरका एक/एक वटा सामुदायिक संघ संस्थाहरु र नगरपालिका भएका जिल्लाहरुमा एक/एक वटा नगरपालिकाका सम्बन्धित पदाकिकारीहरुसँग अन्तरक्रिया गरी जिल्लाहरुको यथार्थ वस्तुस्थितिको पूर्ण अध्ययन गरिएको थियो ।

**६.२ अवरोध विश्लेषण कार्यशाला गोष्ठी (Bottleneck Analysis District Workshop)**

जिविस महासंघ नेपालले यूनिसेफ नेपालसँगको सहकार्यमा बझाङ्ग, डोटी, बाजुरा, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, महोत्तरी, रौतहट र धनुषा गरी ११ जिल्लामा तीन दिने अवरोध विश्लेषण कार्यशाला सञ्चालन गरिएको थियो । महिला तथा बालबालिका सम्वन्धी जिल्लाको वर्तमान अवस्थाको विश्लेषण गरी यसका अवरोधहरुको बारेमा समिक्षा गरिएको थियो । यस कार्यमा खासगरी सामाजिक मान्यता, कानुनी आधारहरु, बजेट व्यवस्था तथा खर्चको अवस्था, समन्वय र सहकार्य तथा व्यवस्थापन, सेवा प्रवाहको गुणस्तर जस्ता बिषयमा स्थानीय निकायहरु, सरोकारवाला पक्षहरुसँग छलफल तथा अन्तरक्रिया गरी तथा उपलब्ध प्रकाशनहरु अध्ययन गरी सत्यताको नजिक पुग्ने प्रयास गरिएको थियो । कार्यक्रम २०६९ साल भाद्रदेखि फाल्गुणसम्म सञ्चालन गरिएको थियो ।

**६.३ स्थानीय तहको प्रभावकारी सेवा प्रवाहको उत्तरदायी संयन्त्र सम्वन्धी अध्ययन** (Review of Accountability Mechanisms for Enhanced Service Delivery in Nepal (Education, Health, Safety net and Water Supply)

विश्व बैंकको आर्थिक सहयोगमा जिविस महासंघ नेपालले स्थानीयस्तरको सेवा प्रवाह र उत्तरदायित्व सम्वन्धमा इलाम, बारा, पाल्पा, कैलाली र जुम्ला जिल्लाको स्थलगत अध्ययनका आधारमा प्रतिवेदन तयार गरेको छ । सो अध्ययन प्रतिवेदन जिविस महासंघ नेपालले २०१२ डिसेम्वरमा विश्व बैकमा पेश गरिसकेको छ । सो अध्ययनले योजना तर्जुमा प्रक्रियामा राजनीतिक दल, वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको भूमिका, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि क्षेत्रमा स्थानीय निकायहरु (गाविस, जिविस र नगरपालिकाहरु) ले खेलेको भूमिका बारेमा स्थलगत अध्ययन गरिएको छ । यसका अतिरिक्त स्थानीय निकाय अनुदान कार्यविधि २०६७ अनुसार स्थानीय निकायहरुले लक्षिक कार्यक्रमहरु (विपन्न वर्गमा महिला, बालबालिका र दलितलाई प्रत्यक्ष फाईदा पुग्ने) मा गरेका बजेट विनियोजन र खर्चको अवस्थाको समेत तुलनात्मक अध्ययन गरिएको छ ।

### ६.४ जिल्ला विकास योजना तर्जुमा सम्वन्धी कार्यविधी, २०६८ सम्वन्धी अभिमुखीकरण कार्यक्रम

जिविस महासंघ नेपालले यूनिसेफ नेपाल र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सँगको सहकार्यमा पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका जिल्ला विकास समितिका योजना अधिकृत तथा कार्यक्रम अधिकृतहरुलाई तीन दिने स्थानीय योजना तर्जुमा सम्वन्धी तालिम कार्यक्रम सञ्चालन गरेको थियो । सो कार्यक्रम ललितपुरमा २०६९ भाद्र १ देखि ३ गतेसम्म, झापामा २०६९ भाद्र ३ देखि ५ गतेसम्म, विराटनगरमा २०६९ भाद्र ७ देखि ९ गतेसम्म, र धनुषामा २०६९ भाद्र ५ देखि ७ गतेसम्म), र जिल्लामा बेग्लाबेग्लै सञ्चालन गरिएको थियो । तालिम कार्यक्रममा जिल्ला विकास समितिहरुको बार्षिक योजना तर्जुमाका चरणहरु सहित बार्षिक योजनामा बालबालिकाहरुको लागि कस्तो योजना, कसरी र किन छनौट गर्ने र कसरी तिनीहरुको योजना छनौट प्रक्रियामा सामेल गराउने भन्ने बारेमा छलफल भएको थियो ।

### ६.५ रुपान्तरणिय पद्धतिमा सामाजिक परिचालन सम्वन्धी प्रशिक्षक प्रशिक्षण (ToT Training to Reginal Trainers on REFLECT, Local Level Planning and Civic Oversight

जिविस महासंघ नेपालले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सँगको सहकार्यमा पाँच दिने रुपान्तरणिय पद्धतिमा सामाजिक परिचालन सम्वन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रम २०६९ कार्तिक २१ देखि २६ गतेसम्म काभ्रेको धुलिखेलमा सञ्चालन गरिएको थियो । सो कार्यक्रममा पाचै विकास क्षेत्रबाट ६/६ जना गरी कुलमा ३० जनाको सहभागिता रहेको थियो ।

### ६.६ स्थानीय शासन तथा उत्तरदायित्व संयन्त्र (Local Governacne and accountability Facility)

चालु आर्थिक वर्षमा स्थानीय निकायका तीनवटै संघ तथा महासंघको तर्फबाट जिल्ला विकास समिति महासंघ नेपालले स्थानीय शासन उत्तरदायित्व संयन्त्रको कार्यान्वयन इकाईरुपमा कार्य गर्दै आएको छ । जस अनुसार ७५ वटा जिल्लामा १०३ वटा गैरसरकारी संस्थाहरु चयन गरी कार्यक्रम सञ्चालन भैरहेको छ । सो कार्यक्रम सञ्चालन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिविस महासंघ नेपाललाई आर्थिक सहयोग उपलब्ध गराएको थियो । सो कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा निम्न मुख्य मुख्य कार्यहरु सम्पन्न गरि सकिएको छ ।

१. गतबर्षनै आसयपत्र माग भै छनौट भएका ८६१ नाससहरुबाट प्रस्ताव माग गरिएको ।
२. ६१४ नाससहरुबाट प्रस्ताव प्राप्त भएको ।
३. ७० वटा जिल्लाका १०२ वटा नाससहरुसँग पहिलो चरणमा सम्झौता गरिएको ।
४. पहिलो चरणमा उच्च अंक प्राप्त गर्ने नाससहरुमध्ये कर्णाली अञ्चल र कर्णाली अञ्चलसँग जोडिएका जिल्लाहरु, तराईका उच्च जोखिममा रहेका ८ वटा जिल्लाहरु र उच्च अंक प्राप्त गर्ने नाससहरु मध्येबाट २६ वटा नाससहरु चयन गरी सम्झौता गरिएको । यो कार्य संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले अनुरोध गरेका आधारमा गरिएको ।
५. यो कार्यक्रम सबै जिल्लामा पुर्‍याउने उद्धेश्यले दोश्रो चरणमा बाकी पाँच वटा जिल्लाहरु ( संखुवासभा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, र दोलखा ) बाट गैससहरुसँग आसय पत्र माग गरी थप ५ वटा नाससँग सम्झौता गरिएको ।
६. सम्झौता गरिएका नाससहरुलाई हेटौडा, नेपालगञ्ज र पोखरामा क्षमता विकास सम्वन्धी तालिम तथा अभिमुखीकरण गरिएको ।
७. पहिलो चरणमा छनौट भएका १०२ वटा नाससहरुको पाँचवटै विकास क्षेत्र (विराटनगर, हेटौडा, पोखरा, नेपालगञ्ज र धनगढी) मा कार्यक्रमको समिक्षा गोष्ठी सम्पन्न गरियो ।

८. राष्ट्रिय तथा स्थानीय समितिहरुले संयुक्त रुपमा ५१ जिल्लाहरुमा नाससले गरेका कामहरुको स्थलगत अनुगमन गरिएको ।
९. नाससहरुलाई सम्झौताअनुसारको पहिलो किस्ता ४० प्रतिशत र दोश्रो किस्ता ४५ प्रतिशत रकम निकासाका लागि सचिवालयलाई सिफारिस गरिएको । सिफारिसअनुसार पहिलो किस्ता निकासा भैसकेको र दोश्रो किस्ता निकासाका लागि प्रक्रिया अघि बढेको ।
१०. सबै नाससहरुबाट सम्झौता अनुसार २०७० असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन संकलन गर्ने काम भै रहेको ।
११. कुल १३३ नाससहरुसँग रु. ८ करोड ६ लाख ४७ हजार ८ सय २८ बराबरको सम्झौता गरिएको ।
१२. २०७० साल असार ३० गते राष्ट्रिय स्तरको उपलव्धी सार्वजनिकरण गर्ने कार्यक्रम तय गरिएको छ ।

यस कार्यक्रमलाई सञ्चालन गर्न तीनवटै संघ तथा महासंघहरुको प्रतिनिधित्व हुने गरी एक व्यवस्थापन समिति गठन गरिएको छ ।

- जिविस महासंघ नेपालका कार्यकारी महासचिवले यस परियोजनाको समन्वय गर्दै आएको ।
- जनवरी २६, २०१३ देखि डा. प्रेम शर्माले राष्ट्रिय समितिको अध्यक्षको भूमिका निर्वाह गर्दै आएको ।
- जिविस महासंघमा रही परियोजनाको समन्वय गर्न कार्यक्रम प्रवन्धक र अनुगमन तथा मूल्यांकन विज्ञ नियुक्त गरिएको ।
- पाँचवटै विकास क्षेत्रमा समन्वय गर्ने गरी कार्यक्रम अनुगमन अधिकृतहरु नियुक्तहरु गरिएको ।

यस कार्यक्रम अन्तरगत २०६९ पौष महिनादेखि २०७० असार मसान्तसम्म प्रशासन तथा लेखाअधिकृत राजु श्रेष्ठ, मेसेन्जर एक बहादुर गुरुङ्ग, सवारी चालकको मासिक तलव खर्च लेखिएको छ । कार्यकारी महासचिव हेमराज लामिछानेले परियोजना संयोजकका रुपमा यस कार्यक्रममा अधिकांश समय उपलब्ध गराउँदै आउनु भएको छ । सो वापत परियोजनाबाट निजले कुनै आर्थिक लाभ लिनु भएको छैन ।

यस परियोजना सञ्चालनलाई सहज र सरल बनाउन डेनिस राजदुतावासबाट १४–०–११८ को प्राडो गाडी उपलव्ध गराईएको छ । डेनिस राजदुतावास र जिविस महासंघ नेपाल वीचको सम्झौता अनुसार सो गाडी असारमसान्तसम्मका लागि मात्रै प्रयोग गर्न सकिनेछ ।

## ७. कार्यसम्पादन समितिको बैठकहरु

कार्यसम्पमादन समितिको बैठक बसी निम्नानुसार महत्वपूर्ण निर्णयहरु लिएको छ ।

१. २०६९ साल साउन २२ गते बसेको कार्यसम्पादन समितिको बैठकले चालु आ.ब. २०६९/७० का बार्षिक कार्यक्रम तथा बजेट माथि छलफल गरी आगामी बैठकमा पेश गर्ने गरी कार्यकारी महासचिवलाई जिम्मेवारी दिने निर्णय गरेको थियो ।
२. २०६९ साल साउन २८ गते पुनः कार्यसम्पादन समितिको बैठक बसी २ करोड ८७ लाख ३ सय २४ र ५० पैसाको बजेट पारित गर्ने निर्णय गरेको थियो । साथै आ.ब. २०६८/०६९ को लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ती प्रक्रिया अगाडि बढाउन कार्यकारी महासचिवलाई अख्तियारी दिने निर्णय समेत गरेको थियो ।

३. २०६९ साल भाद्र ९ गते कार्यसम्पादन समितिको बैठक बसी सबै जिविसहरुमा सदस्यता शुल्क पठाउन पत्रचार गर्ने र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँगको सहकार्यलाई अझ बढी प्रभावकारी बनाउने र स्थानीय निकायको निर्वाचन सम्वन्धमा छलफल गर्न पहल गने विषयमा छलफल भएको थियो ।
४. २०६९ असोज २१ गते बसेको कार्यसमपादन समितिको बैठकले स्थानीय शासन तथा उत्तरदायीत्व संयन्त्र सञ्चालन सम्वन्धी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग भैरहेको पहलका बारेमा समिक्षा गरिएको थियो साथै संयन्त्र सञ्चालन गर्ने बारेमा जिविस महासंघ नेपालले तयार गरेको कार्यविवरणमा समेत छलफल भै यथाशिघ्र संयन्त्र कार्यान्वयन गर्न पहल गर्ने निर्णय भएको थियो । यसका अतिरिक्त एलजीएएफ सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरु जिविस महासंघको सचिवालयमानै रही कार्य गर्ने निर्णय समेत भएको थियो ।
५. २०६९ साल मंसीर २६ गते बसेको कार्यसम्पादन समितिको बैठकले विश्व बैकको आर्थिक सहयोगमा डा. श्यामकृष्ण भुर्तेलको नेतृत्वमा Review of Accountability Mechanis for Enhanced Service Delivery in Nepal with special focus on local governacne and basic service delivery सम्वन्धमा भैरहेको अध्ययनमा अचानक इमेल मार्फत विशेष कारण देखाई डा. भुर्तेलले सो अध्ययन कार्यमा टोलीप्रमुखको रुपमा काम गर्न नसक्ने भनी असमर्थता जनाएको हुँदा सो अध्ययन कार्यलाई निरन्तरता दिन नेपाल सरकारका पूर्व सचिव डा. रविन्द्र कुमार शाक्यलाई टोली प्रमुख भै काम गर्न अनुरोध गर्न कार्यकारी महासचिवलाई जिम्मा दिने निर्णय गरिएको भयो ।
६. २०६९ पौष ८ गते कार्यसम्पादन समितिको बैठक बसी एलजीएएफ कार्यक्रम सञ्चालन गर्न विभिन्न नागरिक समाजका संघ संस्थाहरुले पेश गरेको प्रस्तावनाहरुको प्राविधिक मूल्याङ्कन गर्न आवश्यक पर्ने श्रोत व्यक्तिहरुको चयन गर्ने बारे आवश्यक निर्णय लिएको थियो । जस अनुसार तीन वटा कार्यक्षेत्रको छुट्टाछुट्टै समुह गठन गरी प्राविधिक मूल्याङ्कन गर्न १३ जना विशेषज्ञहरुको नियुक्त गर्ने निर्णय गरियो ।

## ८. कर्मचारी सम्बन्धी ब्यवस्था

१. २०६९ जेष्ठ ३० गते बसेको कार्यसमितिको बैठकले लामो समयदेखी जिविस महासंघ नेपालका कार्यरत कर्मचारीहरु श्री शारदा अधिकारी, श्री राजेन्द्र श्रेष्ठ, श्री रुकमणी नेपाल र श्री बसन्ती थापालाई अवकास दिने निर्णय गरे अनुसार २०६९ असार १ गतेदेखि लागु हुने गरी ती कर्तव्यनिष्ठ कर्मचारीहरुले जिविस महासंघबाट अवकास प्राप्त गरेका थिए । उनीहरुलाई नियमानुसार प्राप्त गर्नु पर्ने प्रोत्साहन सुविधाको रकम रु. ५,३१,३४५।५० (पाँच लाख एकतीस  हजार तीन सय पैतालिस र पैसा पचास मात्र उपलव्ध गराईएको थियो ।

२. वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग जिविस महासंघ नेपालको सम्झौता हुन नसकेको कारण उर्जा तथा वातावरण इकाईमा कार्यरत उर्जा तथा वातावरण विज्ञ श्री सतित अर्यालसँगको सम्झौता डिसेम्वर ३१, २०१२ पछि थप गर्न नसक्ने अवस्था आएकोले सोही अवधीदेखि २०७० साल बैशाख मसान्तसम्म सो पद खाली रहन पुगेको थियो । तर आर्थिक बर्षको अन्त तिर वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँग सम्झौता भै केही कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकोले जेष्ठ र असार महिलाका लागि करारमा श्री प्रकाश ज्ञवालीलाई परामर्शदाता तथा श्रोतव्यक्तिका रुपमा नियुक्त गरी जिम्मेवारी सुम्पिएको छ ।

३. जिविस महासंघ नेपालमा लामो समयदेखी सवारी चालकको रुपमा कार्यरत श्री मुकुन्द महर्जनले स्वेच्छाले २०७० साल बैशाख १ गतेदेखि लागु हुने गरी जिविस महासंघ नेपालमा

राजिनामा पेश गरेको र सोही अनुसार कार्यकारी महासचिवबाट राजीनामा स्वीकृत गरिएको थियो । राजीनामा स्वीकृत पछि निजले प्राप्त गर्नु पर्ने प्रोत्साहन सुविधा रु. २,०७,०००।०० (दुईलाख सात हजार) समेत उपलव्ध गराई सकिएको छ ।

## ९. प्रस्तावना लेखन सम्बन्धी प्रयासहरु

१. यूरोपियन यूनियन नेपाल शाखाले नगर क्षेत्रको फोहरमैला व्यवस्थापनमा सहयोग गर्ने कार्यक्रम सञ्चालन गर्नका लागि माग गरेको आसयपत्रमा समेत जिविस महासंघ नेपालले Centric Austria International र विश्व परिदृश्य वकालन मञ्चसंग सहकार्य गर्ने गरी बाग्लुङ्ग र धनगढी नगरपालिको क्षमता विकास गर्ने गरी आसय पत्र पेश गरिएकोमा सो स्वीकृत भई पूर्ण प्रस्ताव पेश गरिएको छ । यसको नतिजा प्रकाशन हुन बाँकी रहेको छ ।

२ आगामी आर्थिक बर्षमा कार्यान्वयन गर्ने गरी सप्तरी, हुम्ला, कालिकोट, डोटी र बाजुरा जिल्लाका आवधिक योजना तर्जुमा कार्यक्रममा सहजीकरण गर्ने सम्बन्धमा यूनिसेफ नेपालमा प्रस्तावना पेश गरिएको छ ।

## १०. Quality Assurance Mechanish (QuAM) बाट भौतिक सहयोग प्राप्त

यस परियोजनाबाट जिविस महासंघ नेपाललाई निम्नानुसारका भौतिक सामानहरु उपलब्ध भएको छ ।

१. जनरेटर (५ केभिए) थान १, २. सुकाम ६५० भिए यूपिएस थान १, ३. १८.५ इन्चको एलसीडि मोनिटर थान १, ४. स्ट्याण्ड फ्यान २ थान, ५. रुम हिटर २ थान, ६. ग्यास सिलिण्डर २ थान, ७. एलजी भ्याकुम क्लिनर, ८. अफिस कुर्सी २ थान, ९. बैठक टेवल कुर्सी २ थान, १०. कार्यालय डेस्क २ थान, ११. बुक सेल्भ १ थान, १२. भिआईपि फाईलिङ्ग क्याविनेट १ थान, १३. कम्प्युटर टेवल १ थान र वाईट बोर्ड १ थान ।

## ११. सदस्यता शुल्क असुलीको अवस्था

चालु आर्थिक वर्ष २०६९/०७० को २०६९ श्रावण देखि २०७० साल असार १४ गते सम्ममा विभिन्न आर्थिक वर्ष गरी सदस्यता शुल्क वापत जम्मा रकम रु. ९,१८,४५०।- प्राप्त भएको छ । जसमध्ये नियमित रुपमा आ.व. २०६९/०७० सम्मको सदस्यता शुल्क वापत भुक्तान गर्ने जिविसहरु पाँचथर, संखुवासभा, झापा, धनकुटा, मोरङ्ग, उदयपुर, सिन्धुली, मकवानपुर, नुवाकोट, धादिङ्ग, लमजुङ्ग, कपिलवस्तु, प्यूठान, मुगु, कालिकोट, जाजरकोट, डोटी, अछाम र बझाङ्ग रहेका छन् । आ.व. २०६९/०७० मा ३० वटा जिविसहरुले सदस्यता शुल्क वापत रकम भुक्तान गरेका छन्, जसमध्ये पाँचथर, झापा, मकवानपुर, काभ्रे, नुवाकोट, स्याङ्जा, प्यूठान, कैलाली, डोटी, अछाम र बझाङ्गबाट १ वर्ष; संखुवासभा, धनकुटा, रौतहट, भक्तपुर, रसुवा, धादिङ्ग, लमजुङ्ग, अर्घाखाँची, सुर्खेत र कञ्चनपुरबाट २ वर्ष; मोरङ्ग, कालिकोट र जाजरकोटबाट ३ वर्ष; कपिलवस्तु र मुगुबाट ४ वर्ष; खोटाङ्गबाट ५ वर्षको सदस्यता शुल्क प्राप्त भएको छ । शुरुका बर्षदेखि हालसम्म डोल्पा जिविसले जिल्ला विकास समिति महासंघ नेपालमा कुनैपनि आर्थिक बर्षको निर्धारित सदस्यता शुल्क बुझाएको छैन ।

यस आर्थिक वर्षमा सदस्यता शुल्क बुझाउने जिविसहरुमा खोटाङ्ग जिविसबाट आ.व. २०६०/०६१, २०६१/०६२, २०६२/०६३, २०६८/०६९ र २०६९/०७० को एकमुष्ट रु. ५० हजार, कपिलवस्तु

जिविसबाट आ.व. २०६६/०६७ देखि २०६९/०७० सम्मको एकमुष्ट रु. ९० हजार र मुगु जिविसबाट आ.व. २०६६/०६७ देखि २०६९/०७० सम्मको एकमुष्ट रु. ४५ हजार सदस्यता शुल्क वापत प्राप्त भएको छ ।

## १२. आ.ब. २०७०/७१ को पारित कार्यक्रम तथा बजेट

२०७० असार १७ गते बसेको जिल्ला विकास समिति महासंघ नेपालको कार्यसमितिको बैठकले निम्नानुसार वार्षिक कार्यक्रम पारित गरेको छ ।

| क्र.स. | कार्यक्रम | प्रस्तावित बजेट | श्रोत |
|---|---|---|---|
| १. | स्थानीय विकास अधिकारी समाज र पूर्व साँसद मञ्च लगायतका संस्थाहरुसँगको सहकार्यमा स्थानीय निकायको निर्वाचन सम्वन्धी क्षेत्रीय तथा राष्ट्रियस्तरमा पैरवीका कार्यक्रमहरु सञ्चालन गर्ने | २५०,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २. | जिल्ला विकास समितिहरु मार्फत सञ्चालित कार्यक्रमको अनुगमन गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई सुझाव पेश गर्ने | १००,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ३. | स्थानीय सरोकार टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने | २२६,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ४. | स्थानीय प्रजातन्त्र थान दुई प्रकाशन तथा वितरण गर्ने | ४००,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ५. | जिविस महासंघ डायरी २०७१ प्रकाशन तथा वितरण गर्ने | २५०,०००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ६. | राज्य पुनसंरचनामा जिल्ला सरकारको भूमिका सम्वन्धी अध्ययन तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | २२२,६००।०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ७. | स्थानीय निकायको निर्वाचन सम्वन्धी सर्वोच्च अदालतको निर्णयको बुक्लेट तयार गरी प्रकाशन गर्ने साथै विभिन्न अन्तरक्रिया कार्यक्रमको तयारी तथा प्रकाशन | १००,०००।०० | एलजीसिडिपि |
| ८. | न्यूनतम सर्त तथा कार्यसम्पादन मापन सम्वन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | ४५०,०००।०० | एलजीसिडिपि |
| ९. | जिल्ला प्राविधिक कार्यलय र जिविससँगको सम्वन्धमा छलफल कार्यक्रम सञ्चालन गर्ने | २००,०००।०० | एलजीसिडिपि |
| १०. | स्थानीय निकायको संवैधानिक व्यवस्था र स्थानीय निकायको पुनर्संरचना सम्वन्धी अध्ययन तथा छलफल कार्यक्रम सञ्चालन गर्ने | ५००,०००।०० | एलजीसिडिपि |
| ११. | संविधानसभाको निर्वाचनको सिलसिलामा राजनीतिक दलहरुको घोषणपत्रमा स्थानीय निकाय सम्वन्धी प्रावधानहरु समावेश गर्ने बारे लवी तथा पैरवी गर्ने | ३००,०००।०० | एलजीसिडिपि |
| १२. | ६ वटा जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा गर्न सहजिकरण गर्ने साथै अन्य विविध कार्यक्रम सञ्चालन गर्ने | १७,५००,०००।०० | यूनिसेफ नेपाल |
| १३. | खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने स्थानीय निकायको अभियानमा सहजिकरण गर्ने | ५००,०००।०० | दातृ निकायहरु |
| १४. | नवीकरणीय उर्जा विकास सम्वन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने (डिनेटको सक्रियता बढाउन पहल गर्ने) | २५,००,०००।०० | बैकल्पिक उर्जा प्रवर्धन केन्द्र |
| १५ | विपद् व्यवस्थापन सम्वन्धी स्थानीय निकायको भूमिका विषयमा राष्ट्रिय सम्मेलन आयोजना गर्ने | ५००,०००।०० | गृहमन्त्रालय, युएनडिपी |
| | **जम्मा रु.** | **२३,९९८,६००।००** | |

***अक्षेरुपी : दुई करोड उनन्चालिस लाख अन्ठानब्बे हजार छ सय मात्र ।***